# भिमाद नगरपालिका
## BHIMAD MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE

भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL


प.सं / REF. NO. : २०८२/०८३
च.सं / DIS.

सूचना :- 33

## सूचना! सूचना!! सूचना!!!

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१३)

यस भिमाद नगरपालिकाको बिभिन्न स्थानमा सुन्तला बालीको मुख्य समस्याको रुपमा रहेको सुन्तलाजात फलफुलको ग्रिनिङ रोगको शंकास्पद लक्षण देखिएको हुँदा आ. व. २०८२/०८३ मा कृषि विकास शाखातर्फ सुन्तलाजात फलफुलको ग्रिनिङ रोगको निशुल्क परिक्षणका लागि बाली संरक्षण प्रयोगशाला, पोखरामा लैजाने कार्यक्रम रहेको हुँदा सुन्तला बालीमा तपसिलको लक्षण देखिएका कृषकहरुले ३५ दिन भित्र कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

<u>रोगका लक्षणहरु</u>

१. पातहरु पुरै पहेंलो हुने वा हरियो नसाहरु देखिनुका साथै हरिया पहेंला दागहरु पनि देखिन्छन।
२. शुरुको अवस्थामा पातहरुमा हलुका छिरविरे दाँगहरु देखा पर्छन र विस्तारै हाँगाहरु टुप्पाबाट सुकी अन्तमा विरुवा नै मर्छन।
३. छिप्पिएको फलहरुको घाम तर्फको भागमा मात्र पहेंलो रंग बिकास हुन्छ भने अन्य भाग पहेंलो नै हुन्छ।
४. धेरै फुल फुल्नुका साथै बेमौसममा पनि फुल फुल्न सक्दछन तर लागेको फल सानो हुँदै जाने, एक तर्फ मात्र बढ्ने, असामान्य रुपमा फल झर्ने र असामान्य रुपमा अमिलो, तितो हुने गर्दछ।
५. यस्तो लक्षणहरु बोटको कुनै एक भाग वा एउटा हाँगामा मात्र पनि हुन सक्छ।

०८२/६/१२

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत



Contact No.: 065-572436, Website: www.bhimadmun.gov.np, E-mail: bhimadmunicipality@gmail.com,info@bhimadmun.gov.np